**काठमाडौं महानगरपालिका वडा नं. ३०, ज्ञानेश्वर स्थित**

**कामना सेवा विकास बैंक लिमिटेडको**

**उन्नाइसौं वार्षिक साधारणसभाको निर्णय तथा कार्यवाही विवरण (निर्णयको माइन्यूट)**

## १. वैधानिक सभा :

कामना सेवा विकास बैंक लिमिटेडको मिति २०८२ साल, भाद्र ३१ गते बसेको सञ्चालक समितिको ३९९ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बोलाइएको उन्नाइसौं वार्षिक साधारणसभा विकास बैंकको सञ्चालक समितिका अध्यक्ष श्री सुदिप आचार्यज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमका प्रस्तावहरु उपर छलफल र निर्णय गरी सु-सम्पन्न भयो ।

## २. सभा बसेको मिति, स्थान र समय :

मिति : २०८२ साल असोज २४ गते शुक्रबार, (तदनुसार १० अक्टोवर, २०२५)

स्थान : लिसारा रिसेप्शन, भगवती बाहाल, नक्साल, काठमाडौं

समय : बिहान ११:०० बजे

## ३. सभाको सूचना प्रकाशन :

३.१ साधारणसभा हुने मिति, स्थान, समय र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०८२ साल, असोज ०१ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक र मिति २०८२ साल, असोज ०३ गते सोही पत्रिकामा दोस्रो पटक गरी २१ दिन अगावै २ (दुई) पटक सूचना प्रकाशित गरिएको थियो ।

३.२ सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक वित्तीय विवरण (आषाढ मसान्त २०८२ को वासलात, आ.व. २०८१/०८२ को नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु) साथै, अन्य प्रस्तावका विषयवस्तुहरू सहितको वार्षिक प्रतिवेदनको पुस्तिका सेयरधनी महानुभावहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको तथा बैंकको वेबसाइटमा समेत राखी सार्वजनिक रुपले जानकारी गराइएको व्यहोरा सभा सञ्चालकले सभा समक्ष अवगत गराउनु भयो ।

## ४. सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयहरू :

**क. सामान्य प्रस्तावहरु :**

१. आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक वित्तीय विवरण (आषाढ मसान्त २०८२ को वासलात, आ.व. २०८१/०८२ को नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट

दिनेश थकाली
कम्पनी सचिव

सुदिप आचार्य
अध्यक्ष

हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ को वितरणयोग्य मुनाफाबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. ३,५१,०८,४६,१९५.४० को ५.७८९५ प्रतिशतले हुन आउने रकम रु. २०,३२,६०,४४०.४८ (अक्षरेपी बिस करोड बत्तिस लाख साठी हजार चार सय चालिस रुपैयाँ र अठचालिस पैसा मात्र) नगद लाभांश (बोनस सेयर र नगद लाभांशमा लाग्ने कर प्रयोजनको लागि समेत) वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थापक सेयरधनीहरुको तर्फबाट ३ (तिन) जना र सर्वसाधारण सेयरधनीहरुको तर्फबाट ३ (तिन) जना गरी जम्मा ६ (छ) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ को मुनाफा समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. ३,५१,०८,४६,१९५.४० को १० प्रतिशतका दरले हुने रकम रु. ३५,१०,८४,६१९.५४ (अक्षरेपी पैंतिस करोड दश लाख चौरासी हजार छ सय उन्नाईस रुपैयाँ र चवन्न पैसा मात्र) बराबरको बोनस सेयर वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

२. विशेष प्रस्ताव नं. १ पारित भए अनुसार हुने गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधा समयसापेक्ष वृद्धि गर्न आवश्यक रहेको हुँदा सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिमको संशोधित बैठक भत्ता तथा अन्य सुविधा सम्बन्धी प्रस्ताव पारित गर्ने र सो प्रस्ताव पारित भएमा आवश्यक भए बैंकको नियमावलीमा संशोधन सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४. विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनका सम्बन्धमा कुनै नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतका संशोधन/फेर बदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**ग. विविध :**

**५. उपस्थिति :**

**५.१ सञ्चालकहरूको (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार) उपस्थिति :**

| | | |
|---|---|---|
| क. | श्री सुदिप आचार्य | अध्यक्ष |
| ख. | श्री भिम प्रसाद तुलाचन | सञ्चालक |
| ग. | श्री चतुराखर अधिकारी | सञ्चालक |
| घ. | श्री विश्वेश्वर सुवेदी | सञ्चालक |
| ङ. | श्री बलराम बराल | सञ्चालक |

..................
दिनेश धकाली
कम्पनी सचिव

..................
सुदिप आचार्य
अध्यक्ष

च. श्री पवन कुमार शर्मा — सञ्चालक
छ. श्री सिर्जना दंगाल — स्वतन्त्र सञ्चालक

**५.२ पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| क) श्री दिनेश थकाली | प्रमुख कार्यकारी अधिकृत |
| ख) श्री विनय दाहाल | नायव प्रमुख कार्यकारी अधिकृत |
| ग) श्री विकास ढुंगाना | सहायक महाप्रबन्धक |
| घ) श्री दिपेन्द्र सुवेदी | सहायक महाप्रबन्धक |
| ङ) श्री विकास अधिकारी | नायव प्रबन्धक |
| च) श्री निरञ्जन भण्डारी | नायव प्रबन्धक |
| छ) श्री हिम बहादुर के.सी. | सहायक प्रबन्धक |

**५.३ आमन्त्रितहरुको उपस्थिति :**

| | |
|---|---|
| क) श्री ज्ञानेन्द्र बहादुर भारी | बि.आर.एस. न्यौपाने एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्, |
| ख) श्री मणिराज आचार्य | निर्वाचन अधिकृत |

**५.३ शेयरधनीहरुको उपस्थिति :**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयं उपस्थित हुने शेयरधनीको संख्या | ३४२ |
| २. | प्रतिनिधि मार्फत उपस्थित हुने शेयरधनीको संख्या | ४५६ |

६. **सभाको अध्यक्षता, आसन ग्रहण र सभा सञ्चालन** :

बैंकका कर्मचारी एवं कार्यक्रम सञ्चालनकर्ता समेत रहनु भएका श्री प्रणय तुलाधरले कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा विकास बैंकको नियमावलीको नियम ६ (१) बमोजिम साधारणसभाको अध्यक्षता गरीदिनु हुन सञ्चालक समितिका अध्यक्ष श्री सुदिप आचार्यज्यूलाई अनुरोध गर्नु भए बमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नु भयो । तत्पश्चात् बैंकका सञ्चालकज्यूहरु, पूर्व अध्यक्ष तथा सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, नायव प्रमुख कार्यकारी अधिकृतज्यू, बाह्य लेखापरिक्षकज्यू, निर्वाचन अधिकृतज्यू, नियामक निकायका प्रतिनिधिज्यूरु, सेयरधनी महानुभावहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई आसन ग्रहण गराउनु भयो ।

७. **गणपूरक संख्या एवं सभाको वैधानिकता:**

कम्पनीको कुल सेयरधनी संख्या ५५,३३२ (पच्पन्न हजार तिन सय बत्तिस) जना र कुल सेयर संख्या ३,५१,०८,४६,१९५.४० भएकोमा यस उन्नाइसौं वार्षिक साधारणसभामा निम्न अनुसारको उपस्थिति रहयो ।

दिनेश थकाली
कम्पनी सचिव

सुदिप आचार्य
अध्यक्ष

| कुल सेयर संख्या | स्वयं उपस्थित सेयरधनी संख्या | प्रतिनिधिद्वारा उपस्थित सेयरधनी संख्या | जम्मा उपस्थित सेयरधनी संख्या | उपस्थित कुल सेयर संख्या | बाँडफाँट भएको सेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| ३,५१,०८,४६१.९५४ | ३४२ | ४५६ | ७९८ | १८,८६१,२४९.५७ | ५३.७२ |

सभाको प्रारम्भमा बैंकका कर्मचारी एवं सभा सञ्चालक श्री प्रणय तुलाधरले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा बैंकको नियमावली बमोजिम सेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३ तथा विकास बैंकको नियमावली बमोजिम सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ (४) बमोजिम तोकिएको स्थानमा नै गरिएको हुँदा प्रचलित कानून अनुसार उन्नाइसौं वार्षिक साधारणसभा बैधानिक रहेको घोषणा गर्नु भयो ।

तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपूरक संख्या पुगेको सभाले मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र तत् सम्बन्धमा विकास बैंकको स्वीकृत नियमावली तथा प्रचलित ऐन कानून बमोजिम कार्यवाही अगाडि बढाउन सभाले अनुमति प्रदान गऱ्यो ।

**८. वार्षिक साधारणसभाको औपचारिक उद्घाटन :**

सभालाई अगाडि बढाउनु पूर्व राष्ट्र र राष्ट्रियताको खातिर राष्ट्रिय गान श्रवण तथा गायनको कार्यक्रम रहेकोले उक्त कार्यमा सम्पूर्ण सहभागी भई राष्ट्र र राष्ट्रियता प्रति समर्पणभाव प्रकट गरिएको थियो । यसै गरि बैंकको उन्नाइसौं वार्षिक साधारणसभाको औपचारिक उद्घाटन सभाका अध्यक्ष श्री सुदिप आचार्यज्यूले पानसमा दिप प्रज्वलन गरी गर्नुभयो ।

**९. सभा सञ्चालनको अनुमति :**

सभाको कार्यवाही अगाडि बढाउन अध्यक्षज्यू समक्ष सभाको कार्यक्रम संचालनकर्ताद्वारा अनुमति माग भएकोमा सभाका अध्यक्षज्यूले सभाको कार्यवाही अगाडि बढाउन अनुमति प्रदान गर्नु भयो ।

**१०. सभा अध्यक्षज्यूको स्वागत/लिखित मन्तव्य तथा सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुतीकरण ।**

सभा अध्यक्षज्यूको अनुमति अनुसार सभाको कार्यवाहीलाई अगाडि बढाउने क्रममा सभा सञ्चालकले अध्यक्षज्यूलाई आफ्नो स्वागत/लिखित मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नुभए अनुसार अध्यक्षज्यूले आफ्नो स्वागत/लिखित मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गरी छलफलको लागि सहभागी हुन सेयरधनी महानुभावहरुलाई आग्रह गर्नुभयो ।

**१०.१ मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु सहित छलफलका लागि आह्वान :**

कार्यक्रम सञ्चालकले सभा समक्ष अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको प्रतिवेदन तथा प्रस्तावहरु उपर छलफलको लागि आह्वान गर्नुभए पश्चात् निम्न लिखित सेयरधनी महानुभावहरुले आ-आफ्नो लिखित/मौखिक मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु सभामा प्रस्तुत गर्नु भयो ।

दिनेश थकाली
कम्पनी सचिव

सुदिप आचार्य
अध्यक्ष

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

क. श्री गोविन्द के.सी.

ख. श्री शत्रुधन श्रेष्ठ

ग. श्री मदन खनाल

घ. श्री भेषराज भण्डारी

ङ. श्री चन्द्र नारायण श्रेष्ठ

च. श्री बैजुनाथ रौनियार

छ. श्री नरसिंह लाल चखूँ

झ. श्री उत्तम दत्त पाण्डे

ञ. श्री सुरेन्द्र चिमौरिया

ट. श्री सुदिप श्रेष्ठ

ठ. श्री लक्ष्मण बहादुर श्रेष्ठ

ड. श्री जगन्नाथ आचार्य

ढ. श्री उत्सव सुन्दर श्रेष्ठ

ण. श्री ध्रुव राज न्यौपाने

त. श्री ब्रम्हदेव शाक्य

**छलफलका क्रममा सहभागी सेयरधनी वक्ताहरुले सभामा राख्नु भएका राय, सुझाव तथा जिज्ञासा सहितको मुख्य विषयहरुको सारसंक्षेप:**

**श्री गोविन्द के.सी. :**

१. यस विकास बैंकको आ.व. २०८१/८२ को वितरणयोग्य मुनाफाबाट सेयरधनीहरुलाई १० प्रतिशत बोनस सेयर र ५.७९ प्रतिशत नगद लाभांश प्रदान गर्न प्रस्ताव पेश गर्नुभएकोमा बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

२. संस्थागत सुशासनलाई आत्मासात गर्दै नेपालमा रहेका विकास बैंकहरु मध्येमा पहिलो र सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुमा दोश्रो नम्बरमा पहिला साधारणसभा सम्पन्न गर्न सफल रहेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

३. नेपाल स्टक एक्सचेन्जमा सूचीकृत सङ्गठित संस्थाहरु मध्येमा सर्वप्रथम त्रैमासिक वित्तीय विवरण प्रकाशित गर्न सफल भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

४. बैंकद्वारा विभिन्न सेयरहरुमा गरेको लगानी सम्बन्धमा प्रकास पारिदिनुहुन अनुरोध गर्नुभयो ।

दिनेश थकाली
कम्पनी सचिव

सुदिप आचार्य
अध्यक्ष



कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

**श्री शत्रुधन श्रेष्ठ :**

१. बैंकले आ.व. २०८०/८१ को लागि Best Presented Annual Report (BPA) अवार्डमा स्वर्ण पदक हासिल गर्न सफल भएकोमा शुभकामना प्रदान गर्दै आगामी वर्षहरुमा पनि स्वर्ण पदक जित्न सफल होस् भन्ने कामना व्यक्त गर्नुभयो ।

२. समग्र बैंकिङ क्षेत्रमा देखिएको आर्थिक शिथिलता, कर्जा मागमा आएको कमी र कर्जा असुलीमा देखिएको चुनौतीले गर्दा बैंकको खराव कर्जा वृद्धि हुन गई सञ्चालन मुनाफामा गिरावट आएको समयमा पनि यस बैंकले आफ्ना सेयरधनीहरुलाई १० प्रतिशत बोनस सेयर र ५.७९ प्रतिशत नगद लाभांश प्रदान गर्न सफल भएकोमा सञ्चालक समिति तथा बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

३. बैंकले आफ्नो Mission, Vision तथा Core Values लाई समेत सिरोपर गरी आफ्नो ग्राहक वर्गलाई अत्याधुनिक प्रविधिमा आधारित सेवा, सुविधाहरु प्रदान गर्दै आएको छ । बैंकको सञ्चालक समितिले पारित गरेको Roadmap, मार्गदर्शन बमोजिम विवेकशील, गुणस्तरीय र परिणाममुखी बैकिङ सेवा प्रदान गर्ने रणनीति अनुरुप नेपालमा रहेका विकास बैंकहरु मध्ये अब्बल बैंक हुन सफल रहेकोमा खुसी व्यक्त गर्नुभयो ।

**श्री मदन खनाल :**

१. सर्वप्रथम कामना सेवा विकास बैंकका १९ औं वार्षिक साधारणसभाको भव्य र सभ्य सफलताको कामना व्यक्त गर्नुभयो ।

२. यसै सभारणसभामा बैंकको सञ्चालक निर्वाचान सम्बन्धी कार्यक्रम समेत रहेकोमा निर्विरोध रुपमा सञ्चालक नियुक्त हुनु भएकोमा नव निर्वाचित सञ्चालक समितिलाई बधाई दिनुहुदै पूर्ण सफलताको कामना व्यक्त गर्नुभयो ।

३. बैंकद्वारा सभामा प्रस्तावित नगद लाभाशं साधारणसभा सम्पन्न भएकै दिन सेयरधनीहरुको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाउन तथा बोनस सेयर सक्दो छिटो सेयरधनीहरुको डिम्याट खातामा जम्मा गर्ने तथा नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गर्ने व्यवस्था मिलाउन बैंक व्यवस्थापनलाई अनुरोध गर्नुभयो ।

४. यस कामना सेवा विकास बैंक, पोखरामा स्थापना भएको कास्की फाइनान्स लि. र कामना विकास बैंक लि. तथा बुटवलमा स्थापना भएको सेवा विकास लि. बैंकबीच एकापसमा मर्ज भई बृहत शाखा संजाल ग्राहक संख्या भएको बैंक रहेको हुँदा बैंकको वार्षिक साधारणसभा पालैपालो पोखरा तथा बुटवल क्षेत्रमा पनि आयोजना गर्न पोखरा तथा बुटवल क्षेत्रमा रहेका सेयरधनीहरुको चाहना रहेको हुँदा बैंक व्यवस्थापन तथा सञ्चालक समितिलाई सो विषय उपर विशेष ध्यानाकर्षण गराई सोही अनुसार आवश्यक व्यवस्था समेत मिलाउनु हुन सुझाव दिनु भयो ।

**श्री भेषराज भण्डारी :**

१. बैंकको सञ्चालक समिति तथा व्यवस्थापनले चुनौतिपूर्ण अवस्थामा समेत धेरै नै राम्रो कार्ययोजना तथा कार्यकुशलताका साथ सेयरधनीहरुको मुहार हँसिलो हुनेगरी १० प्रतिशत बोनस सेयर र ५.७९ प्रतिशत नगद लाभांश प्रदान गर्न प्रस्ताव पेश गर्नुभएकोमा बैंक व्यवस्थापन प्रति आभार व्यक्त गर्नुभयो ।

दिनेश थकाली
कम्पनी सचिव

सुदिप आचार्य
अध्यक्ष

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

२. संस्थापक सेयरधनीहरुको तर्फबाट ३ (तिन) जना र सर्वसाधारण सेयरधनीहरुको तर्फबाट ३ (तिन) जना गरी निर्विरोध निर्वाचित हुने जम्मा ६ (छ) जना सञ्चालकहरुलाई सदैव सेयरधनीहरुको हितमा कार्य गर्ने प्ररणा मिलोस् भन्दै कार्य सफलताको लागि शुभकामना तथा बधाई व्यक्त गर्नुभयो ।
३. सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु समय सापेक्ष वृद्धि गर्ने प्रस्ताव प्रति आफ्नो व्यक्तिगत तर्फबाट सहमति जनाउदै बैठक भत्ता तथा अन्य सुविधा वृद्धि गरे अनुरुप बैंकको प्रगतिलाई समेत निरन्तरता दिन सक्नुपर्छ भन्ने राय प्रस्तुत गर्नुभयो ।
४. बैंक सामु आन्तिरक तथा बाह्य चुनौतीहरु उल्लेख्य मात्रामा भएतापनि कुशल रणनीतिका साथ ग्राहक वर्गमा कर्जा र लगानीको गुणात्मक विस्तार गर्दै, आधुनिक प्रविधिको सदूपयोग मार्फत निष्कृय कर्जाहरु कम गर्दै लैजान पनि उत्तिकै आवश्यक रहेको हुँदा सोही अनुरुप काम गर्न सुझाव दिनुभयो ।

**श्री चन्द्र नारायण श्रेष्ठ :**

१. यस विकास बैंकको आ.व. २०८१/०८२ को वितरणयोग्य मुनाफाबाट सेयरधनीहरुलाई १० प्रतिशत बोनस सेयर र ५.७९ प्रतिशत नगद लाभांश प्रदान गर्न प्रस्ताव पेश गर्नुभएकोमा बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो ।
२. बैंक व्यवस्थापनलाई कूल व्यवस्थापन खर्च तथा कर्मचारी खर्च अनुपातलाई घटाउन सुझाव प्रदान गर्नुभयो ।
३. अन्त्यमा आउदै गरेको शुभ दिपावली, नेपाल संवत तथा छठ पर्वको शुभकामना प्रदान गर्नुभयो ।

**श्री बैजुनाथ रौनियार :**

१. सञ्चालक समितिले पारित गरेको ४ वर्षे रणनीति र समय समयमा प्रदान गरेको मार्गदर्शन अनुसार यस बैंकले गरिरहेको कार्य र भविष्यमा गर्ने कार्य समेत राम्रो हुने अनुमान गरिएकोमा उक्त अनुमान कुशल नेतृत्वबाट नै प्राप्त भएको राय प्रस्तुत गर्नुभयो ।
२. यस बैंकको हरेक सूचकहरुको अध्ययन गर्दा बैंकको Loan Loss Provision र निष्कृय कर्जा अघिल्लो आ.व.को तुलनामा वृद्धि भएको पाइएको हुँदा आउदो दिनमा उक्त सूचकहरुमा सुधार ल्याउन सुझाव प्रदान गर्नुभयो ।

**श्री नरसिंह लाल चाखूँ :**

१. रिपोर्टको आधारमा बैंक प्रगति पथमा रहेको राय पेश गर्नुभयो । बैंकको सूचकहरुको अध्ययन गर्द बैंकले राम्रो स्थान हासिल गरेको मान्नुपर्छ भन्ने राय पेश गर्नुभयो ।
२. Impairment charges for Loan Loss को अनुपात विगत भन्दा अलि बढेको पाईएकोले Writeback तर्फ ध्यान दिनुका साथै निष्कृय कर्जाको अनुपात घटाउन असुली टिम सकृय एवं क्षमतावान हुनुपर्छ भन्ने सुझाव पेश गर्नुभयो । साथै, कर्जा विभाग तथा जोखिम व्यवस्थापन विभागले यस प्रति विशेष चासो लिनुपर्छ भन्ने सुझाव पेश गर्नुभयो ।

**श्री उत्तम दत्त पाण्डे :**

१. नेपालमा रहेको सम्पूर्ण विकास बैंकहरुमध्ये सर्वप्रथम साधारणसभा सम्पन्न गर्ने पहिलो बैंक बन्न सफल भएकोमा खुसी व्यक्त गर्नुभयो ।

दिनेश थकाली
कम्पनी सचिव

सुदिप आचार्य
अध्यक्ष

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

२. संस्थापक सेयरधनीहरुको तर्फबाट ३ (तिन) जना र सर्वसाधारण सेयरधनीहरुको तर्फबाट ३ (तिन) जना गरी जम्मा ६ (छ) जना सञ्चालकहरुको निर्वाचन कार्यक्रम रहेकोमा विज्ञ र अनुभवी पुरानै व्यक्तिहरु निर्वाचित हुनु भएकोमा यहाँहरुको अनुभवले बैंकलाई अझै राम्रो प्रतिफल दिने गरि काम गर्नुहुन सुझाव प्रदान गर्दै बधाइ ज्ञापन गर्नुभयो ।

३. आ.व. २०८०/०८१ को तुलनामा आ.व. २०८१/०८२ को सूचकहरुमा सुधार देखिनुका साथै सूचना प्रविधिमा समेत उल्लेख्य प्रगति गरेको बारे जानकारी प्रदान गर्नुभयो ।

४. ICAN बाट "National Best Presented Annual Report 2024" को अवार्डमा स्वर्ण पदक हाखिल गरेको व्यहोरा स्वागत योग्य रहेको भनि खुसी व्यक्त गर्नुभयो ।

**श्री सुरेन्द्र चिमौरिया :**

१. यस विकास बैंकको आ.व. २०८१/०८२ को वितरणयोग्य मुनाफाबाट सेयरधनीहरुलाई १० प्रतिशत बोनस सेयर र ५.७९ प्रतिशत नगद लाभांश प्रदान गरेकोमा धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि यसै गरि उत्कृष्ट लाभांश प्रदान गर्नुहुनेछ भन्ने विश्वास रहेको बताउनु भयो ।

२. बैंकले उपयुक्त समयमा वार्षिक साधारणसभा सम्पन्न गरी सेयरधनीहरुलाई समयमा प्रतिफल दिन सफल भएकोमा सञ्चालक समिति तथा बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**श्री सुदिप श्रेष्ठ :**

१. यस विकास बैंकले गत आ.व. मा भन्दा आ.व. २०८१/०८२ मा सेयरधनीहरुलाई अधिक लाभांश प्रदान गर्न सफल भएता पनि देशको आन्तिरक एवं बाह्य विषम परिस्थितिहरुको कारणले आगामी वर्षमा हालको जस्तै दोहोरो अंकमा प्रतिफल प्रदान गर्न हम्मे हम्मे पर्ने जस्तो देखिएकोले त्यस तर्फ चनाखो हुन सुझाव दिनुभयो ।

२. ऋणीहरुले समयमा कर्जा भुक्तान नगर्दा बैंकको गैर बैंकिङ सम्पत्ति प्रत्यक वर्ष बढ्दै गएको तर्फ ध्यानाकर्षण गराउनु भयो ।

**श्री लक्ष्मण बहादुर श्रेष्ठ :**

१. बैकको वार्षिक साधारणसभा समयमा नै गर्नुभएकोमा सञ्चालक समिति र बैंक व्यवसपनलाई धन्यवाद ज्ञापन गर्नुभयो र आगामी दिनमा पनि यसै गरि आ.व. को पहिलो त्रैमास भित्र नै साधारणसभा सम्पन्न गर्न आग्रह गर्नुभयो ।

२. साधारणसभाबाट निर्वाचित हुने सञ्चालक समितिलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

**श्री उत्सब सुन्दर श्रेष्ठ :**

१. बैंकद्वारा प्रदान गरिने १० प्रतिशत बोनस सेयर र ५.७८९५ प्रतिशत नगद लाभांश प्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा नगद लाभांशभन्दा बोनस सेयरलाई प्राथमिकता दिन सुझाव दिनु भयो ।

२. बैंकद्वारा विभिन्न कम्पनीहरुको सेयरमा लगानी गरेकोमा बजार मूल्य उच्च भएको बेला किन उक्त सेयरहरु बिक्री नगरेको भनी जिज्ञाशा व्यक्त गर्दै आगामी दिनहरुमा उचित समयमा सेयरहरु बिक्री गर्न सुझाव दिनु भयो ।

दिनेश थकाली
कम्पनी सचिव

सुदिप आचार्य
अध्यक्ष

३. कर्जा असुली भन्दा कर्जा अपलेखन रकम बढी भएको तथा निष्कृय कर्जा अघिल्लो आ.व. भन्दा वृद्धि भएको देखिएको हुँदा यस विषयहरु उपर ध्यान दिनुपर्ने सुझाव पेश गर्नुभयो ।

**श्री ब्रम्हदेव शाक्य :**

१. आजको यस प्राविधिक युगमा बैंकले डिजिटल रुपान्तरणमा फड्को मारेको जानकारी प्राप्त हुँदा सन्तोष लागेको बताउनु भयो ।

२. बैंकले आउने वर्ष संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सरकारले खडा गरेको पुनरनिमार्ण कोषमा योगदान गरी देशमा लागेको घाउमा मल्हम लगाउन सुझाव दिनुभयो ।

**श्री जगन्ननाथ आचार्य :**

१. साधारणसभामा प्रस्तुत भएको प्रस्तावमा सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधाको सम्बन्धमा समय सापेक्ष अन्य प्रतिस्पर्धी बैंकहरुको तुलनामा कमी नहुनेगरी परिवर्तन गर्नै पर्छ । तर, बैंकको हालको स्थितिलाई गिर्न नदिई बैंकलाई अझै सफल र सुदृढ बनाउने तर्फ ध्यान दिई काम गर्नुहुन सुझाव दिदै निर्वाचित हुने सञ्चालक समितिलाई अग्रिम बधाई दिनुभयो ।

२. बैंकले संस्थागत सामाजिक उत्तरदायित्व तर्फ गरेको खर्च ठिक ठाउँमा सहि तरिकाले उपयोग भएको छ कि छैन सोको उचित निगरानी गर्न अनिवार्य रहेको बताउनु भयो ।

**श्री ध्रुव न्यौपाने :**

१. विगतका वर्षहरुमा लगानीकर्ताहरुद्वारा हकदावी हुन बाँकी लाभांश रकममा फराकिलो अन्तर देखिएको हुँदा सो उपर प्रकाश पारिदिनुहुन अनुरोध गर्नुभयो ।

२. बैंकको Variance report तथा सम्पूर्ण सूचकहरु राम्रो रहेको जानकारी प्रदान गर्नुभयो । यसै गरी बैंकको आन्तिरिक लेखापरीक्षण सक्षम र सुदृढ भएको पाईएकोमा खुसी व्यक्त गर्नुभयो ।

**१०.२ सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको जवाफ :**

**वार्षिक साधारणसभामा सेयरधनी महानुभावहरुले उठाउनु भएका प्रश्न, जिज्ञासा र सुझाव उपर बैंकका अध्यक्ष श्री सुदिप आचार्यज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री दिनेश थकालीज्यूले दिनु भएको समष्टिगत जवाफको साराँश** :

विकास बैंकको उन्नाईसौं वार्षिक साधारणसभा सफल बनाउनको लागि पाल्नु भएका आदरणीय सेयरधनी महानुभावहरु, विभिन्न संस्थाहरुबाट आमन्त्रित प्रतिनिधिहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई गरिमामय उपस्थितिको लागि बैंक परिवारको तर्फबाट कृतज्ञता प्रकट गर्दै धन्यवाद व्यक्त गर्नु भयो । सेयरधनी महानुभावहरुले बैंकको सर्वोपरी हितको लागि राख्नुभएको राय, सुझाव, जिज्ञासाहरुलाई आगामी दिनमा मार्गदर्शनको रुपमा लिई उपरोक्त राय, सल्लाह सुझावहरुको मनन् गर्दै अगाडि बढ्न प्रतिवद्ध रहेको बारे सभा समक्ष जानकारी गराउनु हुंदै अधिकांश वक्ताहरुको भनाई र चासोको विषय प्रतिफल (लाभांश) आगामी वर्षहरुमा पनि दोहोरो अंकमा कायम राख्नुपर्ने, साधारणसभा तथा बैंकको वित्तीय विवरणहरु समयमै प्रकाशित गर्ने कार्यलाई निरन्तरता दिन, राष्ट्र पुनरनिमार्णमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग प्रदान गर्नुपर्ने, देशमा आईपरेको आर्थिक संकट तथा राजनैतिक अस्थिरताका कारण उत्पन्न भएको चुनौतीहरु बारे सतर्क रही कामकार्यवाही अघि बढाउन, बैंकको साधारणसभा पोखरा तथा बुटवल क्षेत्रमा समेत आयोजना

दिनेश थकाली
कम्पनी सचिव

सुदिप आचार्य
अध्यक्ष

गर्नुपर्ने आदि रहेकोले उपरोक्त विषयहरुलाई आगामी वर्षहरुमा संबोधन हुने गरी काम गर्न सञ्चालक समिति प्रतिवद्ध रहेको जानकारी गराउनु हुँदै बैंक संचालन सम्बन्धी विषयमा उठेका प्रश्न र जिज्ञासा सम्बन्धमा प्रष्ट पार्न प्रमुख कार्यकारी अधिकृत श्री दिनेश थकालीज्यूलाई अनुरोध गर्नु भएकोमा बुँदागत रुपमा निम्न अनुसार प्रष्ट पार्नु भयो ।

१) यस बैंकको वार्षिक साधारणसभा पोखरा तथा बुटवल क्षेत्रमा पनि आयोजना गर्न पोखरा तथा बुटवल क्षेत्रमा रहेका सेयरधनीहरुको चाहना रहेको विषय उपर ध्यानाकर्षण गराउनु भएकोमा उक्त विषय उपर अध्ययन तथा सेयरधनीहरुको राय समेत बुझी आवश्यक प्रयास गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

२. आर्थिक वर्ष २०८१/०८२ मा यस बैंकद्वारा दोहोरो अंकमा लाभांस वितरण गर्न सफल रहेकोमा सो कार्यलाई आगामी वर्षहरुमा समेत निरन्तरता होस भनी यहाँहरुले गर्नु भएको अपेक्षालाई मनन् गर्दै प्रतिफलको हकमा बैंक व्यवस्थापन सदैव प्रतिवद्ध रहेको तथा समय परिस्थिति बमोजिम नै सक्दो प्रयासरत रहेने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

३. सेयरधनी महानुभावहरुद्वारा आगामी वर्षहरुको समेत बैंकद्वारा वित्तीय विवरणहरु समयमै प्रकाशन गर्ने तथा वार्षिक साधारणसभा समयमा नै सम्पन्न गरि संस्थागत सुशासन कायम गर्न सुझाव प्रदान गरे बमोजिम बैंक व्यवस्थापन सदाझै पारदर्शी हिसाबले वित्तीय विवरणहरु समयमा नै प्रकाशित गर्न तथा बैंकको वार्षिक साधारणसभा समयमा नै आयोजना गरि सेयरधनीहरुलाई प्रतिफल प्रदान गर्ने तर्फ आफू हरदम प्रतिवद्ध रहेको जानकारी गराउनु भयो ।

४. धेरै सेयरधनी महानुभावहरुले लिखित सुझावहरु समेत पेश गर्नुभएकोमा प्राप्त लिखित सल्लाह तथा सुझावहरुलाई पनि आत्मासात गर्दै आगामी दिनहरुमा कामकार्यवाही अघि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**<u>छलफल तथा जवाफको क्रम समाप्ति :</u>**

सेयरधनी महानुभावहरूले राख्नु भएको जिज्ञासा एवं सुझावहरूको सम्बन्धमा सभाका अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतज्यूले जवाफ दिनु भएपछि र अन्य सेयरधनी महानुभावहरुबाट थप जिज्ञासा प्राप्त नभएको र जवाफउपर समर्थन जनाउनु भएकोले कार्यक्रम सञ्चालकले छलफलका विषयवस्तुहरु समाप्त भएको जानकारी सभा समक्ष गराउनु भयो ।

**<u>प्रस्तावहरूको प्रस्तुति</u> :**

अध्यक्षज्यूको निर्देशन अनुसार सभाको कार्यक्रम सञ्चालकद्वारा काम कारबाही अगाडि बढाउने क्रममा पूर्व निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु निर्णयका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो र सभाबाट देहाय बमोजिका प्रस्तावहरु पारित तथा स्वीकृत गर्ने सर्व सम्मत निर्णय भयो ।

## ११. सभामा पेश भएका प्रस्तावहरु र पारित निर्णयहरु :

**<u>क) सामान्य प्रस्ताव</u>**

..................
दिनेश थकाली
कम्पनी सचिव

..................
सुदिप आचार्य
अध्यक्ष

**सामान्य प्रस्ताव नं. १ र सो उपर निर्णय :**

आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन (संक्षिप्त तथा विस्तृत) माथि छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुद्वारा उक्त वार्षिक प्रतिवेदन (संक्षिप्त तथा विस्तृत) ध्वनिमतले सर्वसम्मत रुपमा पारित भयो ।

**सामान्य प्रस्ताव नं. २ र सो उपर निर्णय :**

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक वित्तीय विवरण (आषाढ मसान्त २०८२ को वासलात, आ.व. २०८१/०८२ को नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित सेयरधनी महानुभावहरुद्वारा ध्वनिमतले सर्वसम्मत रुपमा पारित भयो ।

**सामान्य प्रस्ताव नं. ३ र सो उपर निर्णय :**

आ.व. २०८१/०८२ को वितरणयोग्य मुनाफाबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. ३,५१,०८,४६,१९५.४० (तिन अर्ब एक्काउन्न करोड आठ लाख छयालिस हजार एक सय पन्चानब्बे रुपैयाँ चालिस पैसा मात्र) को ५.७८९५ प्रतिशतले हुन आउने रकम रु. २०,३२,६०,४४०.४८ (अक्षरेपी बिस करोड बत्तिस लाख साठी हजार चार सय चालिस रुपैयाँ र अठचालिस पैसा मात्र) नगद लाभांश (बोनस सेयर र नगद लाभांशमा लाग्ने कर प्रयोजनको लागि समेत) वितरण गर्ने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित सेयरधनी महानुभावहरुद्वारा ध्वनिमतले सर्वसम्मत रुपमा पारित भयो ।

**सामान्य प्रस्ताव नं. ४ र सो उपर निर्णय :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा आ.व. २०८२/०८३ को लागि बाह्य लेखापरीक्षकको नियुक्तिका विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम लेखापरीक्षण समितिले "कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि सम्भावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका सर्तहरु निर्धारण गरी अनुमोदनको लागि साधारणसभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्नका लागि विभिन्न ४ वटा फर्महरुको प्रोफाइल अध्ययन गरी संभावित ३ वटा लेखापरीक्षकमध्ये एन्.बि.एस.एम एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम नियुक्ति गर्न उपयुक्त देखिएको हुँदा देहाय बमोजिमका कार्य सम्पादन गर्ने गरी लेखापरीक्षक श्री एन्.बि.एस.एम एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई लेखापरीक्षकमा नियुक्त गर्ने र सो कार्यको सिलसिलामा भैपरी आउने यातायात लगायतका सम्पूर्ण खर्चहरु समेत गरी एकमुष्ट रु. २२,६०,०००/- (अक्षरेपी बाईस लाख साठी हजार मात्र) मु.अ. कर समेत पारिश्रमिक प्रदान गर्ने निर्णय ध्वनि मतले सर्वसम्मत रुपमा पारित भयो । साथै, उक्त शुल्क भित्र देहायका कार्यहरु समावेश गरिएको समेत जानकारी गराइयो ।

- Statutory Audit for FY 2082/83

दिनेश थकाली
कम्पनी सचिव

सुदिप आचार्य
अध्यक्ष

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

- Tax Audit for FY 2082/83
- Long Form Audit Report for FY 2082/83
- Certification u/s 78 of Companies Act, 2063 for FY 2082/83
- Certification as per SEBON directives for FY 2082/83

आन्तरिक लेखापरीक्षण समितिद्वारा लेखापरीक्षक नियुक्ति सम्बन्धमा सभा समक्ष पेश गरेको प्रस्ताव सभाले सर्वसम्मत रुपमा पारित गरेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४(२) बमोजिम अध्यक्षज्यूले उक्त प्रस्ताव पारित भएको घोषण गर्नु भयो ।

**सामान्य प्रस्ताव नं. ५ र सो उपर निर्णय :**

संस्थापक सेयरधनीहरुको तर्फबाट ३ (तिन) जना र सर्वसाधारण सेयरधनीहरुको तर्फबाट ३ (तिन) जना गरी जम्मा ६ (छ) जना सञ्चालकहरुको निर्वाचन गर्ने प्रस्ताव रहेकोमा निर्वाचन अधिकृत श्री मणिराज आचार्यज्यूले निर्वाचन परिणामबारे सभाालाई जानकारी दिनुहुदै वार्षिक साधारणसभामा संस्थापक सेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुने ३ जना र सर्वसाधारण सेयरधनीको तर्फबाट प्रतिनिधित्व हुने ३ जना गरी कूल ६ जना सञ्चालकहरुको निर्वाचन कार्यक्रम रहेकोमा प्रकाशित निर्वाचन कार्यतालिका बमोजिम निम्नानुसार ६ जना सञ्चालकहरु निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| क. | श्री सुदिप आचार्य | (सञ्चालक, संस्थापक समूह) |
| ख. | श्री भिम प्रसाद तुलाचन | (सञ्चालक, संस्थापक समूह) |
| ग. | श्री चतुराखर अधिकारी | (सञ्चालक, संस्थापक समूह) |
| घ. | श्री विश्वेश्वर सुवेदी | (सञ्चालक, सर्वसाधारण समूह) |
| ङ. | श्री बलराम बराल | (सञ्चालक, सर्वसाधारण समूह) |
| च. | श्री पवन कुमार शर्मा | (सञ्चालक, सर्वसाधारण समूह) |

यसै गरि सभाअध्यक्षज्यूको अनुमतीले कार्यक्रम सञ्चालकद्वारा यस विकास बैकको स्वतन्त्र सञ्चालक पदमा कम्पनी ऐन तथा यस बैकको नियमावलीमा भएको व्यवस्था बमोजिम मिति २०८१ साल फागुन महिनाको २१ गते बसेको सञ्चालक समितिको ३८८ औं बैठकको निर्णय बमोजिम बैंकको स्वतन्त्र सञ्चालक पदमा श्री सिर्जना दंगाल ज्यूलाई नियुक्त गरिएको र स्वतन्त्र सञ्चालकको पदावधि नियुक्ति भएको मितिले ४ बर्ष हुने बारे सभा समक्ष जानकारी गराउनु भयो ।

**ख) विशेष प्रस्तावः**

**विशेष प्रस्ताव नं. १ र सो उपर निर्णय :**

२०८१/०८२ को मुनाफा समेतबाट यस विकास बैकको हाल कायम चुक्ता पूँजी रु. ३,५१,०८,४६,१९५.४० (तिन अर्व एक्काउन्न करोड आठ लाख छयालिस हजार एक सय पन्चानब्बे रुपैयाँ चालिस पैसा मात्र) को १० प्रतिशतका दरले हुने रकम रु. ३५,१०,८४,६१९.५४ (अक्षरेपी पैंतिस करोड दश लाख चौरासी हजार छ सय उन्नाईस रुपैयाँ र चवन्न पैसा मात्र) बराबरको बोनस सेयर वितरण गर्ने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत

दिनेश थकाली
कम्पनी सचिव

सुदिप आचार्य
अध्यक्ष

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

भएपछि उपस्थित सेयरधनी महानुभावहरुद्वारा ध्वनिमतले सर्वसम्मत रुपमा पारित भयो । साथै, बोनस सेयर जारी पश्चात् कायम हुन आउने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने विशेष प्रस्ताव स्वीकृत भयो ।

**विशेष प्रस्ताव नं. २ र सो उपर निर्णय :**

विशेष प्रस्ताव (प्रस्ताव नं. १) पारित भए अनुसार हुने गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने तथा नियमावलीमा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्ताव पारित भै देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतिले निर्णय भयो । सो सहमतिको लागि नेपाल राष्ट्र बैंक र अभिलेखको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय भयो ।

**प्रबन्धपत्रको दफा ५ को खण्ड (ख)**

विकास बैंकको जारी पूँजी रु. ४,२१,१९,३०,८१४.९४ (अक्षरेपी चार अर्ब एक्काईस करोड उन्नाईस लाख तिस हजार आठ सय चौध रुपैयाँ र पैसा चौरान्नब्बे मात्र) हुनेछ । जसलाई प्रति सेयर रु १०० का दरले ३,८६,१९,३०८.१५ थान साधारण सेयरमा र रु. १०० का दरले ३५,००,००० थान अग्राधिकार सेयरमा विभाजन गरिएको छ ।

**प्रबन्धपत्रको दफा ५ को खण्ड (ग)**

विकास बैंकको चुक्ता पूँजी रु. ४,२१,१९,३०,८१४.९४ (अक्षरेपी चार अर्ब एक्काईस करोड उन्नाईस लाख तिस हजार आठ सय चौध रुपैयाँ र पैसा चौरान्नब्बे मात्र) हुनेछ । जसलाई प्रति सेयर रु १०० का दरले ३,८६,१९,३०८.१५ थान साधारण सेयरमा र रु. १०० का दरले ३५,००,००० थान अग्राधिकार सेयरमा विभाजन गरिएको छ ।

**विशेष प्रस्ताव नं. ३ र सो उपर निर्णय :**

विकास बैंकको सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधा समयसापेक्ष वृद्धि गर्न आवश्यक रहेको हुँदा सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिमको संशोधित बैठक भत्ता तथा अन्य सुविधा सम्बन्धी प्रस्ताव निर्णयार्थ सभा समक्ष प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुद्वारा ध्वनिमतले सर्वसम्मत रुपमा पारित भयो ।

**विशेष प्रस्ताव नं. ४ र सो उपर निर्णय :**

विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनका सम्बन्धमा कुनै नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतका संशोधन/फेर बदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुद्वारा ध्वनिमतले सर्वसम्मत रुपमा पारित भयो ।

..................
दिनेश थकाली
कम्पनी सचिव

..................
सुदिप आचार्य
अध्यक्ष

**नियमावलीको नियम ३० (१)**

सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था : (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र सञ्चालकहरुको प्रति बैठक भत्ता देहाय बमोजिम हुनेछ :

बैठक भत्ता अध्यक्ष : रु १२,०००/-
बैठक भत्ता सञ्चालक : रु ११,०००/-

**नियमावलीको नियम ३१ (१)(ग)**

विकास बैंकको कामको सिलसिलामा अध्यक्ष तथा सञ्चालकहरुलाई प्रदान गरिने दैनिक भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :

**क. स्वदेशमा भ्रमण गर्दा :**

| विवरण | अध्यक्ष/सञ्चालक |
|---|---|
| दैनिक भ्रमण भत्ता (खाना खर्च सहित) | रु. ५,०००/- |
| होटल तथा लज भत्ता | रु ७,५००/- वा बिजक मध्ये जुन रकम कम हुन्छ सोहि रकम । |
| परिवहन सुविधा | बिल बमोजिम । |

**ख. भारतमा भ्रमण गर्दा :**

| विवरण | अध्यक्ष/सञ्चालक |
|---|---|
| दैनिक भ्रमण भत्ता (खाना खर्च सहित) | भारु. ५,०००/- |
| होटल तथा लज भत्ता | भारु. ७,५००/- वा बिजक मध्ये जुन रकम कम हुन्छ सोहि रकम । |
| परिवहन सुविधा | बिल बमोजिम । |

**ग. भारत बाहेकका अन्य देशहरुमा :**

| विवरण | अध्यक्ष/सञ्चालक |
|---|---|
| दैनिक भ्रमण भत्ता (खाना खर्च सहित) | अमेरिकी डलर १५०/- |
| होटल तथा लज भत्ता | अमेरिकी डलर २००/- वा बिजक मध्ये जुन रकम कम हुन्छ सोहि रकम |
| परिवहन सुविधा | बिल बमोजिम । |

**नोट :**

तालिम, गोष्ठी, सेमिनार वा अन्य उद्देश्यले भ्रमणमा जाँदा आयोजक वा आमन्त्रणकर्ताले नै खाने, बस्ने लगायतको सम्पूर्ण खर्च व्यहोर्ने भएमा :

- दैनिक भ्रमण भत्ता (खाना खर्च सहित) को ५० प्रतिशत रकम मात्र प्रदान गरिनेछ । तर बस्ने मात्र व्यवस्था रहेछ भने पूरा दैनिक भ्रमण भत्ता प्रदान गरिनेछ ।
- परिवहन सुविधा बिल बमोजिम हुनेछ ।

**नियमावलीको नियम ३१ (१)(घ)**

अध्यक्ष तथा सञ्चालकहरुलाई पत्रपत्रिका, सञ्चार (टेलिफोन/ मोबाइल/ इन्टरनेट/डाटा) भत्ता बापत प्रति महिना एकमुष्ट रु ५,०००/- प्रदान गरिनेछ ।

.........................
दिनेश थकाली
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.....................
सुदिप आचार्य
अध्यक्ष

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले कार्यक्रम सञ्चालकले सभा अध्यक्ष श्री सुदिप आचार्यज्यूलाई सभाको औपचारिक समापन गरिदिनु हुन अनुरोध गर्नु भए पश्चात् सभा अध्यक्ष श्री सुदिप आचार्यज्यूले स्वयम् उपस्थित भई तथा प्रतिनिधि मार्फत उपस्थिती जनाई, आफ्नो अमूल्य राय सुझाव दिई साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा सम्पूर्ण सेयरधनी महानुभावहरुलाई विशेष धन्यवाद ज्ञापन गर्नु भयो ।

साथै, भविष्यमा पनि सदा झैं सबैको साथ, सहयोग र मार्गदर्शन प्राप्त हुने आशा एवम् विश्वास व्यक्त गर्दै नियामक निकायका प्रतिनिधिज्यूरु, पूर्व तथा वर्तमान सञ्चालकज्यूहरु, लेखापरीक्षकज्यू, निर्वाचन अधिकृतज्यू, पत्रकारज्यूहरु, शेयर रजिष्ट्रारका प्रतिनिधीज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, उपस्थित अन्य अतिथि तथा बैंकका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुका साथै आउँदै गरेको दिपावली, नेपाल संवत् तथा छठ पर्वको शुभकामना व्यक्त गर्दै उन्नाइसौं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नुभयो ।

..........................
दिनेश थकाली
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

..................
सुदिप आचार्य
अध्यक्ष

सभा सम्पन्न मिति : २०८२ साल असोज २४ गते शुक्रबार तद्नुसार अक्टोवर १०, २०२५ ।